## बागमती प्रदेश

(धार्मिक पर्यटनबाट समृद्धि)

# शिव सर्किट परियोजना



PROJECT
SHIVA
CIRCUIT

बागमती प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

२०८३ जेष्ठ

# बागमती प्रदेश


रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
दोलखा
काठमाडौँ
भक्तपुर
चितवन
काभ्रेपलाञ्चोक
ललितपुर
मकवानपुर
रामेछाप
सिन्धुली

# बागमती प्रदेश

*(धार्मिक पर्यटनबाट समृद्धि)*

# शिव सर्किट परियोजना

बागमती प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**


२०८३ जेष्ठ

# बागमती प्रदेश

(धार्मिक पर्यटनबाट समृद्धि)

# शिव सर्किट परियोजना


| | | |
|---|---|---|
| पहिलो संस्करण | : | २०८३ |
| प्रकाशक | : | बागमती प्रदेश सरकार<br>भौतिक पूर्वाधार विकास मन्त्रालय |



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ।।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।।
ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय–जय नेपाल ।।

# शिव सर्किटको मार्गचित्र:
# धार्मिक पर्यटनबाट समृद्धिको नयाँ यात्रा



बागमती प्रदेशले दिगो विकास र आर्थिक वृद्धिसँगै धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं प्रवर्धन गर्ने उद्देश्यका साथ बागमती शिव सर्किट परियोजना सम्बन्धी जानकारी पुस्तिका प्रकाशन गर्न लागिएकोमा अत्यन्तै खुसी छु। पर्यटन विकासका प्रमुख आधारका रूपमा विकास गर्न बागमती प्रदेश सरकारले विभिन्न धार्मिक-सांस्कृतिक एवं प्राकृतिक पर्यटन प्रवर्धनलाई विशेष जोड दिँदै बागमती प्रदेशका १३ जिल्लामध्ये १० जिल्लामा रहेका ६४ शिवलिंगलाई समेटेर शिव सर्किट परियोजना सञ्चालनमा ल्याएको छ।

शिव सर्किट परियोजनाले धार्मिक पर्यटन प्रवर्धन र स्थानीय अर्थतन्त्रको सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने विश्वास पनि लिएको छु। यस परियोजनाले सडक, पहुँच मार्ग, यातायात, आवासीय सुविधा, सूचना तथा सञ्चारका साथै अन्य आधारभूत संरचना व्यवस्थान गर्दै रोजगारी सिर्जना, साना तथा मझौला उद्यमहरूको विकास र समग्र आर्थिक क्रियाकलाप विस्तारमा समेत टेवा पुर्याउनेछ। शिव सर्किटले धार्मिक पर्यटन, सांस्कृतिक सम्पदा विकास तथा संरक्षण, आर्थिक गतिविधिको विविधीकरण र दिगो विकासका क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

बागमती प्रदेशको धार्मिक, सांस्कृतिक र आर्थिक रूपान्तरणको दिशामा अघि बढिरहेको महत्वाकांक्षी पहल शिव सर्किट, केबल पूर्वाधार विकासको परियोजनामात्र होइन, समग्र समृद्धिको मार्गचित्र बनेको छ। पवित्र आस्थास्थलहरूलाई एउटै सूत्रमा बाँध्ने यो अभियानले धर्म, पर्यटन र अर्थतन्त्रलाई एकैसाथ गतिशील बनाउने लक्ष्य राखेको छ।

### आस्थाको सेतु, पहिचानको संरक्षण

शिव सर्किटले प्रदेशभर फैलिएका मन्दिर, तीर्थस्थल र सांस्कृतिक धरोहरलाई जोड्दै धार्मिक एकताको बलियो आधार तयार पार्छ। आस्थाका यी केन्द्रहरूबीचको सम्बन्ध सुदृढ हुँदा श्रद्धालुहरूका लागि यात्रा अझ अर्थपूर्ण बन्ने छन्। यसले हाम्रो मौलिक सांस्कृतिक पहिचान जोगाउने अभियानलाई ऊर्जा मिल्ने छ भने आध्यात्मिक पर्यटनलाई नयाँ उचाइमा पुयाउने सम्भावनालाई सुदृढ बनाउँछ।

### स्थानीय समृद्धिको आधार

यो परियोजना केबल यात्राको मार्गमात्र होइन, आर्थिक क्रियाकलापको मेरुदण्ड पनि हो। स्थानीय उत्पादन, सेवा र साना व्यवसायलाई चलायमान बनाउँदै यसले आयआर्जनका नयाँ ढोका खोल्छ। रोजगारीका अवसरहरू सिर्जना भई गाउँदेखि शहरसम्मको अर्थतन्त्रमा नयाँ उत्साह थपिन्छ। पूर्वाधार विस्तार र लगानीमैत्ली वातावरणले दीर्घकालीन आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्ने स्पष्ट संकेत देखिन्छ।

### अनुभवको नयाँ परिभाषा

शिव सर्किट प्रदेशका दश वटा जिल्ला हुँदा यहाँका विविध गन्तव्यहरूलाई एकीकृत गर्दै व्यवस्थित र आकर्षक पर्यटन मार्ग निर्माण गर्ने छ। सुदृढ सडक सञ्जालले पहुँचलाई सहज बनाउँछ, जसले यात्रालाई सुरक्षित, सहज र रमाइलो अनुभवमा रूपान्तरण गर्छ। प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र धार्मिक आस्थाको संगमले यस क्षेत्रलाई दिगो पर्यटनको नमुना गन्तव्यको रूपमा स्थापित गर्ने आधार तयार पार्छ।

### साझा यातनाको आह्वान

शिव सर्किट समृद्धि, सम्भावना र विकासको साझा यात्रा पनि हो। यसले धार्मिक चेतना, आर्थिक उन्नति र पर्यटन प्रवर्धनलाई एकै सूत्रमा बाँध्दै बागमती प्रदेशलाई नयाँ पहिचान दिलाउने लक्ष्य राखेको छ।

यो पहल केबल संरचना निर्माणमा सीमित छैन, यो भविष्य निर्माणको अभियान हो जहाँ आस्था, अवसर र प्रगतिले एकसाथ हातेमालो गर्छन्।

यस जानकारी पुस्तिका नीति निर्माणकर्ता, स्थानीय तहका प्रतिनिधि, पर्यटन व्यवसायी, अनुसन्धानकर्ता तथा आमसर्वसाधारणका लागि उपयोगी मार्गदर्शन बन्ने विश्वास लिएको छु। बागमती प्रदेश सरकारले यस परियोजनाको सफल कार्यान्वयनमार्फत यस प्रदेशलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ।

अन्त्यमा, यस महत्वपूर्ण कार्यका लागि प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरू, नीति निर्माणमा सघाउने माननीय सांसदज्यूहरू, यसमा संलग्न सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई एकमुष्ठ धन्यवाद ज्ञापन गर्दै शिव सर्किट परियोजनाको सफल कार्यान्वयनमा पूर्ण विश्वास व्यक्त गर्दछु।

**– डा. दिनेशचन्द्र देवकोटा**
मन्त्री, भौतिक पूर्वाधार, बागमती प्रदेश

मिति : २०८३/०२/०१

# धार्मिक पर्यटन : आर्थिक रूपान्तरणको चालक



बागमती प्रदेशको दीर्घकालीन विकास दृष्टिकोण, क्षेत्रीय सन्तुलन तथा दिगो आर्थिक वृद्धिको लक्ष्यसँग अभिन्न रूपमा जोडिएको "शिव सर्किट परियोजना" बारे जानकारीमूलक पुस्तिका प्रकाशन हुन लागेको यस महत्वपूर्ण अवसरमा हामी अत्यन्त खुसी छौं । प्रदेश सरकारको दोस्रो आवधिक योजना तथा नीतिगत प्राथमिकतासँग सामाज्यजस्य राख्दै पर्यटन पूर्वाधार विकासको उच्च प्रतिफल दिने र धार्मिक सांस्कृतिक पर्यटन पूर्वाधारलाई आर्थिक रूपान्तरणको चालक शक्तिका रूपमा विकास गर्ने उद्देश्यसाथ "शिव सर्किट परियोजना" ल्याइएको हो । यसलाई बहुआयामिक पूर्वाधार तथा गन्तव्य विकास मोडेलका रुपमा अगाडि बढाइएको छ।

यति महत्वपूर्ण परियोजनाको माननीय मन्त्री डा. दिनेशचन्द्र देवकोटाको चासो र तदरुकता अति नै सराहनीय छ। माननीय मन्त्रीज्यूको सकारात्मक निर्देशन, शिवका अनुयायी पर्यटन एवं आर्थिक विकास र समृद्धितर्फको सोच परियोजनाका लागि मार्गदर्शक बनेको छ। यसका लागि म मन्त्रीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

यस परियोजनाले बागमती प्रदेशभित्र रहेका ६४ शिवलिंगलाई "क्लस्टर आधारित सर्किट विकास" अवधारणा अनुसार बहु-मोडल पहुँच सडक सञ्जाल, शहरी-ग्रामीण अन्तरसम्बन्धको विकास गर्दै आतिथ्य सेवा, स्थानीय उत्पादन, हस्तकला, कृषि आधारित आपूर्ति प्रणाली तथा साना तथा मझौला उद्यमलाई सुदृढ गर्दै स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने अपेक्षा गरिएको छ। दिगोपनाका सन्दर्भमा, हरित पूर्वाधार, वातावरणीय प्रभाव न्यूनीकरण, सांस्कृतिक सम्पदा संरक्षण तथा जलवायु अनुकूल डिजाइनलाई परियोजनाको अभिन्न अङ्गका रूपमा राख्दै दीर्घकालीन रूपमा वातावरणीय सन्तुलन कायम राख्दै गुणस्तरीय पर्यटन विकास सुनिश्चित गर्नेछ।

यस जानकारी पुस्तिका परियोजनाको विषयमा सामान्य जानकारी, रणनीतिक रूपरेखा, प्राथमिकता क्षेत्र, लगानी सम्भावना, कार्यान्वयन संयन्त्र तथा अपेक्षित परिणामहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरी नीति निर्माता, विकास साझेदार, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूका लागि मार्गदर्शक दस्तावेजको रूपमा कार्य गर्ने विश्वास लिइएको छ।

**ईश्वर चन्द्र मरहट्टा**
प्रदेश सचिव
भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश

# धार्मिक पर्यटन प्रवर्धनमा शिव सर्किट



खासगरी धार्मिक पर्यटनमार्फत बागमती प्रदेशमा पर्यटन विकास गर्न उद्देश्यसाथ सुरु गरिने "शिव सर्किट परियोजना" सम्बन्धी जानकारी पुस्तिका प्रकाशन हुन लागेकोमा हार्दिक आभार साथ सबैमा शुभकामना व्यक्त गर्दछु। प्रदेश सरकारको प्राथमिकताप्राप्त यस परियोजनालाई एकीकृत गन्तव्य विकास अवधारणामार्फत सडक सञ्जाल, बहुल मार्गमा आधारित पूर्वाधार विकास, आधारभूत सेवा सुविधा तथा पर्यटकीय पूर्वाधारको स्तरोन्नति गरी पर्यटन पूर्वाधार विकासमार्फत स्थानीय अर्थतन्त्र सुदृढ हुने अपेक्षा गरिएको छ।

माननीय मन्त्री डा. दिनेशचन्द्र देवकोटाज्यू र मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्टाज्यू प्रति हामी आभारी छौं, उहाँहरूको सकारात्मक सोच र निर्देशनका कारण परियोजनाले हरित तथा दिगो पूर्वाधार विकासमार्फत वातावरणीय सन्तुलन कायम गर्दै जिम्मेवार पर्यटन प्रवर्धनमा योगदान पुग्नेछ।

यस परियोजनाको अवधारणालाई सकारात्मक स्वरूप प्रदान गर्ने बागमती प्रदेश सभा सदस्य तथा भौतिक पूर्वाधार विकास पूर्व मन्त्री माननीय अमनकुमार मास्केज्यू र भौतिक पूर्वाधार विकास मन्त्रालयका पूर्व प्रदेश सचिव श्री अमृत श्रेष्ठज्यूलाई हार्दिक सम्मान प्रकट गर्दछु। त्यस्तै यस परियोजनाको अध्ययनको क्रममा विषय विज्ञता प्रदान गर्नुहुने संस्कृति तथा पुरातत्वविद् श्री प्रमोद राम मिश्रज्यू, पूर्वाधार तथा वातावरणविद् श्री सुदीप हाडाज्यू र पर्यटनविद् श्री प्रशा लामाज्यूलाई विशेष धन्यवाद व्यक्त गर्दछु।

यस जानकारी पुस्तिकाले परियोजनाको संक्षिप्त परिचयदेखि आधारभूत प्राविधिक विषयहरू, परियोजनाको महत्व, उद्देश्य र लक्ष्य, रणनीतिक दिशा, लगानी सम्भावना तथा कार्यान्वयन ढाँचाबारे स्पष्ट जानकारी प्रदान गरी सरोकारवाला निकायहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिइएको छ। यस परियोजनाको सफल कार्यान्वयनमार्फत बागमती प्रदेशलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न सकिनेमा विश्वास लिँदै अन्तमा यस महत्वपूर्ण प्रकाशन कार्यमा संलग्नहरू अनुसन्धाताहरू, लेखन कार्यमा लाग्नु हुने व्यक्तित्व, सम्पादनमा पत्रकार गोपाल तिवारी र लेखक सुभाषचन्द्र देवकोटा लगायत सम्पूर्ण निकाय तथा व्यक्तिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**सी.डी.ई. भुपेन्द्र कुमार यादव**
महाशाखा प्रमुख
(आवास, भवन तथा सहरी महाशाखा, मन्त्रालय)

# विषयसूची



| | | |
|---|---|---|
| १. | बागमती प्रदेशको परिचय | १ |
| २. | परियोजनाको संक्षिप्त परिचय | १ |
| ३. | परियोजनाको लक्ष्य तथा उद्देश्य | २ |
| ४. | परियोजनाको कार्यक्षेत्र | २ |
| ५. | परियोजनाको केही प्राविधिक तथ्यहरु | ३ |
| ६. | परियोजनाको हालसम्मको प्रगति | ३ |
| ७. | परियोजनाको महत्त्व र यसको प्रतिफल | ५ |
| ८. | परियोजना सम्बन्धमा भौतिक पूर्वाधार विकास मन्त्रालयको आगामी कार्ययोजना | ६ |
| ९. | चौसठ्ठी शिवलिङ्गहरुको स्थानहरुको विवरण तथा तस्विरहरू | ७ |
| १०. | चौसठ्ठी शिवलिङ्गहरुको क्षेत्र वर्गीकरण | २९ |

## १. वागमती प्रदेशको परिचय


वागमती प्रदेश नेपालका सात प्रदेशमध्ये एक महत्वपूर्ण र समृद्ध प्रदेश हो। यस प्रदेशले करिब २०,३०० वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ, जुन नेपालको कुल १,४७,५१६ वर्ग किलोमिटर क्षेत्रफलको झण्डै १३.७६ प्रतिशत हो। भौगोलिक रूपमा यसको पूर्वमा कोशी प्रदेश, पश्चिममा गण्डकी प्रदेश, उत्तरमा चीन र दक्षिणमा मधेश प्रदेश पर्दछन्। जसले यस प्रदेशलाई विविध सांस्कृतिक र प्राकृतिक विशेषताले सम्पन्न बनाएको छ। समुद्र सतहबाट करिब १४१ मिटरदेखि ७,२२९ मिटर उचाइसम्म फैलिएको वागमती प्रदेशको भू–भाग अत्यन्तै विविधतापूर्ण छ। यसको सबैभन्दा तल्लो स्थान चितवन जिल्लाको गोलाघाट हो भने सबैभन्दा उच्च स्थान लाङटाङ हिमाल रहेको छ। यस प्रदेशमा जम्मा १३ जिल्ला रहेका छन्। तीमध्ये धादिङ, दोलखा, रसुवा, सिन्धुपाल्चोक र रामेछाप हिमाली क्षेत्रका जिल्ला हुन्। त्यस्तै गरी नुवाकोट र काभ्रेपलाञ्चोक पहाडी जिल्लामा पर्छन् भने काठमाडौं, भक्तपुर र ललितपुर उपत्यकाका प्रमुख जिल्ला हुन्। बाँकी ३ जिल्ला सिन्धुली, चितवन र मकवानपुर भित्री मधेश क्षेत्रमा रहेका छन्। यसरी भौगोलिक, प्राकृतिक तथा सांस्कृतिक विविधताले भरिपूर्ण वागमती प्रदेश नेपालको महत्वपूर्ण प्रशासनिक तथा आर्थिक केन्द्रको रूपमा परिचित रहेको छ।

## २. परियोजनाको संक्षिप्त परिचयः

हिन्दु धार्मिक पुराणहरुमध्येको एक महत्वपूर्ण पुराण (स्कन्दपुराणको हिमवत्खण्डमा नेपालका सामाजिक, सांस्कृतिक स्थलहरु, नदी–नालाहरु, मन्दिर–तीर्थस्थलहरु, पुण्य क्षेत्रहरुका महिमा वर्णन भएको पाइन्छ। यस ग्रन्थले मध्य नेपालका भू–खण्ड अर्थात् हालको वागमती प्रदेशको विस्तृत महिमा–मण्डन गरेको छ। 'हिमवत्खण्ड' हालसम्म प्राप्त सबैभन्दा पुरानो हस्तलिखित ग्रन्थ १५ औं शताब्दीको पाइएको छ। यसमा वर्तमान वागमती प्रदेशअन्तर्गत रामेछाप, चितवन, रसुवाबाहेकका बाँकी १० ओटा जिल्लाका विभिन्न स्थानहरुमा अवस्थित ६४ शिवलिङ्गहरुको, त्यस वरपर रहेका



आकृति-२: परियोजनाको परिकल्पना तस्विर; स्रोत: ए.आई.




आकृति-१: परियोजनाको परिकल्पना तस्विर; स्रोत: ए.आई.

तीर्थस्थलहरुको र अन्य तपोभूमिहरुको वर्णन गरेको पाइन्छ। यी ६४ शिवलिङ्गहरूको दर्शन, पूजन गर्नाले शिवसायुज्य प्राप्त हुन्छ भनिएको छ। सिन्धुली जिल्ला दुम्जास्थित कुशेश्वर (आदिलिङ्गेश्वर) देखि सुरु भई भगवान श्री पशुपतिनाथको दर्शनपश्चात् टुङ्गिने यो प्राचीन पदमार्गको आफ्नै विशेषता र मौलिकता रहेको छ। यो पदमार्गले वागमती प्रदेशका हालका १० जिल्लाहरु क्रमशः सिन्धुली– १, दोलखा– १, सिन्धुपाल्चोक– २, काभ्रेपलाञ्चोक– ६, ललितपुर– १०, मकवानपुर– ७, काठमाडौ– २४, भक्तपुर– ९, धादिङ– १, नुवाकोट– ३ गरी कुल ६४ स्थानलाई जोड्ने, समेट्ने भएकोले यस पदमार्गको संरक्षण, स्तरोन्नति, पुनर्निर्माण र जीर्णोद्धार गर्दै एक एकीकृत र सामाजिक, सांस्कृतिक एवं आर्थिक रूपले सशक्त जीवन्त कोरिडोरको परिकल्पना गरी प्रदेश सरकारले 'वागमती प्रदेश शिव सर्किट परियोजना' को अवधारणा ल्याइएको हो।

वागमती प्रदेश सरकारको महत्वाकांक्षी परियोजनाको रूपमा आर्थिक वर्ष २०८१/८२ मा पूर्व सम्भाव्यता अध्ययन गरिएको 'शिव सर्किट परियोजना' लाई आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा प्राथमिकताका साथ समावेश गरी यस परियोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार र नमुना निर्माण कार्य सुरु गर्न बजेट विनियोजन गरिएको छ।


## ३. परियोजनाको लक्ष्य तथा उद्देश्यः

### लक्ष्यः

* सम्पदा स्थल, स्थानीय समुदाय र प्राकृतिक परिदृश्यलाई जोड्दै एकीकृत कोरिडोर तथा पर्यटन पूर्वाधारको विकास गरी रोजगारी सिर्जना गर्दै वागमती प्रदेशको आर्थिक विकासमा टेवा पुर्‍याउने।

### उद्देश्यः

* स्थानीय स्रोत–साधन, सीप र प्रविधिको अधिकतम उपयोग गर्दै समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने।
* पर्यटन प्रवर्द्धन, उत्पादन तथा बजार विकासमार्फत स्थानीयको आर्थिक उन्नति गर्ने।
* धार्मिक तीर्थाटनको पुनर्जीवन गर्दै सामाजिक–आर्थिक विकास र सहज जीवनयापनमा सहयोग गर्ने।
* आन्तरिक तथा बाह्य पर्यटन आकर्षित गरी रोजगारी र जीविकोपार्जन सुधार गर्दै समग्र आर्थिक समृद्धि हासिल गर्ने।



आकृति-२: सिन्धुली दुम्जाको परिकल्पना तस्विर

## ४. परियोजनाको कार्यक्षेत्र : यस शिव सर्किट परियोजनाअन्तर्गत समेटिएका ६४ वटा शिवलिङ्गहरू वागमती प्रदेशका हालका १० जिल्लामा अवस्थित छन्। तीमध्ये सिन्धुलीमा १, दोलखामा १, सिन्धुपाल्चोकमा २, काभ्रेपलाञ्चोकमा ६, ललितपुरमा १०, मकवानपुरमा ७, काठमाडौंमा २४, भक्तपुरमा ९, धादिङमा १ र नुवाकोटमा ३ वटा शिवलिङ्ग रहेका छन्।

| सि.नं. | जिल्ला | मुख्य स्थानहरु | संख्या |
|---|---|---|---|
| १ | सिन्धुली | दुम्जा | १ |
| २ | दोलखा | चरिकोट | १ |
| ३ | सिन्धुपाल्चोक | बाह्रबिसे, फटकशिला | २ |
| ४ | काभ्रेपलाञ्चोक | मदन महादेवस्थान, बनेपा, धनेश्वर, साँगा, पनौतीलगायत | ६ |
| ५ | ललितपुर | लुभु, सुनाकोटी, लेले, टिकाभैरव लगायत | १० |
| ६ | मकवानपुर | टिस्टुङ, पालुङ | ३ |
| ७ | काठमाडौं | फर्पिङ, नैकाप, थानकोट, मातातीर्थ, चाँगुनारायण, शिवपुरी हिल, टोखा, लुभिकोट, डाची, गागालफेदी, मनिचुड, गोकर्ण, साँखुलगायत | २४ |
| ८ | भक्तपुर | नगरकोट, बागेश्वरी, चाँगुनारायण, सिपाडोल, डाँछी कोटलगायत | ९ |
| ९ | धादिङ | महादेवबेसी | १ |
| १० | नुवाकोट | देविघाट, कपिलास, थानसिङ, इन्द्रदिप | ३ |
| जम्मा | | | ६४ |

५. **परियोजनाको केही प्राविधिक तथ्यहरुः** यस परियोजना सम्बन्धी केही प्राविधिक तथ्यहरू बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा आर्थिक वर्ष २०८१।८२ मा तयार गरिएको पूर्व-सम्भाव्यता अध्ययनका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ।

(क) परियोजनाको नाम : वागमती प्रदेशको 'शिव सर्किट परियोजना' रहेको छ।

(ख) परियोजना अन्तर्गतका ६४ शिवलिङ्हरू बागमती प्रदेशका १० जिल्लामा अवस्थित छन्।

(ग) ६४ शिवलिङमध्ये यात्रा सिन्धुली जिल्लाको दुम्जास्थित कुशेश्वर (आदिलिङ्गेश्वर) बाट सुरु भई भगवान् श्री पशुपतिनाथको दर्शनसँगै सम्पन्न हुने गरी कुल सवारी दूरी करिब ९५५.२७ कि.मि. रहेको छ। यसमध्ये करिब ३४.३२ कि.मि. दूरी नजिकको सडकबाट पैदल यात्रा गर्नुपर्ने मापन गरिएको छ।


(घ) परियोजनाको कुल ९५५.२७ कि.मि. सवारी दूरीमध्ये करिब ६३ कि.मि. सडक खण्ड तत्काल स्तरोन्नति गर्न आवश्यक देखिएको छ।

(ङ) पूर्व-सम्भाव्यता अध्ययनका आधारमा गरिएको लागत-लाभ विश्लेषण अनुसार, परियोजना सामान्य (फिजिवल) देखिएको छ । साथै स्थानीय रोजगारी सिर्जना, आयआर्जन तथा सामाजिक लाभहरूलाई समेट्दा लागत-लाभ अनुपात सकारात्मक भएको प्रक्षेपण गरिएको छ।

६. **परियोजनाको हालसम्मको प्रगति :**

वागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले यस शिव सर्किट परियोजना अन्तर्गत हालसम्म हासिल गरेका प्रगति तथा आगामी लक्ष्यहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

## क. नीतिगत व्यवस्थातर्फ :



à वागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयले यस शिव सर्किट परियोजनालाई रुपान्तकारी र महत्वाकांक्षी परियोजनाको रूपमा लिएको छ ।

à आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा (बुँदा नं. ११) धार्मिक पर्यटन प्रवर्द्धनका लागि शिवशक्ति पिठहरू जोड्ने 'शिव सर्किट परियोजना' को विस्तृत अध्ययन गरी निर्माण कार्य सुरु गर्ने उल्लेख गरिएको छ ।

à सोही आर्थिक वर्षको बजेट वक्तव्य (बुँदा नं. १५३) मा ऐतिहासिक ६४ शिवलिङ्गलाई समेट्दै बृहत वागमती यात्रामार्फत धार्मिक पर्यटन तथा व्यापार केन्द्र विकास गर्न परियोजनाको अध्ययन र कार्यान्वयन अघि बढाइने व्यवस्था गरिएको छ ।

## ख. अध्ययन कार्यतर्फः

à आर्थिक वर्ष २०८१/८२ मा भौतिक पूर्वाधार विकास मन्त्रालयले बागमती प्रदेशका ६४ शिवलिङ्गहरूलाई बहुमार्गले जोड्ने अवधारणाअनुसार शिव सर्किट परियोजनाको पूर्व-सम्भाव्यता अध्ययन सम्पन्न गरेको हो ।

à आर्थिक वर्ष २०८२/८३ मा परियोजनाको बृहत गुरुयोजना (मास्टर प्लान) तयार गर्ने कार्यसँगै उद्गम स्थल सिन्धुली दुम्जास्थित कुशेश्वर (आदिलिङ्गेश्वर) मा नमुना परियोजना विकासको लागि अध्ययन भई निर्माण सुरु गर्न लागिएको हो ।

à सोही आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन 'वागमती प्रदेश शिव सर्किट परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२' को मस्यौदा तयार गरी स्वीकृतिको चरणमा रहेको छ ।

## ग. विनियोजनतर्फः

à वागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा यस परियोजनालाई समावेश गर्दै भौतिक पूर्वाधार विकास मन्त्रालयमा ४ करोड २० लाख बजेट विनियोजन भई विनियोजित बजेटको तीन गुणा रकमको श्रोत सहमति प्राप्त भएको हो ।

à बजेट विनियोजन अनुसार मन्त्रालयले मातहतको सहरी विकास तथा भवन कार्यालय काठमाडौं, काभ्रेपलाञ्चोक र सिन्धुली कार्यलयहरुबाट केही स्थानहरुमा नमुना कार्यक्रम कार्यान्वयन गर्ने गरी आवश्यक तयारी गरिरहेको छ ।

## घ. कार्यक्रम कार्यन्वयन तर्फः

à भौतिक पूर्वाधार विकास मन्त्रालयले **"बागमती प्रदेशको शिब सर्किट परियोजना कार्यक्रम**

**कार्यान्वयन कार्यविधि २०८२"** मन्त्रिपरिषबाट स्वीकृत गराई यस चालू आर्थिक वर्षमा विनियोजन भएको सिन्धुलीको दुम्जासहित काठमाडौं र काभ्रेस्थित एक-एक स्थानमा विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य शुरु गर्ने र आगामी आर्थिक वर्षहरुमा समेत क्रमशः बजेट विनियोजन गर्दै कार्यक्रमको सफल कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ।

## ७. परियोजनाको महत्व र यसको प्रतिफल:

वागमती प्रदेशको "शिव सर्किट परियोजना "धार्मिक, आर्थिक तथा पूर्वाधार विकासका दृष्टिले अत्यन्तै महत्वपूर्ण छ। यस परियोजनामार्फत प्रदेश सरकारले धार्मिक पर्यटन क्षेत्रमा आमूल परिवर्तन ल्याउँदै नागरिकहरूको आयआर्जनलाई सुदृढ बनाउने र समग्र प्रदेशको आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउने महत्वाकांक्षी योजना अघि सारेको छ। यस परियोजनाका प्रमुख महत्वहरू निम्नानुसार छन्:

(क) **धार्मिक पर्यटन प्रवर्द्धन:** वागमती प्रदेशभित्र रहेका ऐतिहासिक तथा धार्मिक महत्वका ६४ शिवलिङ्गलाई एउटै सर्किटमा जोड्दा तीर्थयात्री तथा आन्तरिक-बाह्य पर्यटकको आकर्षण बढ्नेछ। विशेषगरी पशुपतिनाथ दर्शनका लागि आउने भक्तजनलाई यस सर्किटतर्फ आकर्षित गर्न सकिएमा प्रदेशमात्र होइन, समग्र नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्नेछ।

(ख) **आर्थिक विकास र रोजगारी:** शिव सर्किट परियोजनाले आन्तरिक तथा बाह्य पर्यटकको संख्या वृद्धि गरी होटल, रेस्टुरेन्ट, यातायात, गाइड सेवाजस्ता क्षेत्रमा आम्दानी बढाउँछ र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ। यसले निर्माण तथा सेवा क्षेत्रमा प्रत्यक्ष रोजगारी सिर्जना गर्नुका साथै हस्तकला, होमस्टे र स्थानीय उत्पादनमार्फत अप्रत्यक्ष रोजगारीसमेत बढाउँछ। साथै निजी लगानी आकर्षित भई पर्यटन पूर्वाधार विस्तार हुँदा समग्रमा प्रदेशको आर्थिक विकास दिगो र सुदृढ बन्छ।

(ग) **पूर्वाधार विकास:** शिव सर्किट परियोजना अन्तर्गत धार्मिक स्थलहरूलाई जोड्ने सडक सञ्जाल, पदमार्ग, पार्किङ, सार्वजनिक शौचालय, खानेपानी र सूचना केन्द्र जस्ता आधारभूत पूर्वाधारको निर्माण तथा स्तरोन्नति गरिन्छ। यसले तीर्थस्थलमा पहुँच सहज बनाउनुका साथै पर्यटन, आर्थिक र सामाजिक विकासलाई दीर्घकालीन रूपमा मजबुत बनाउँदै समग्र क्षेत्रको दिगो विकासमा योगदान पुर्‍याउँछ।

(घ) **सांस्कृतिक संरक्षण:** शिव सर्किट परियोजनाले ६४ शिवलिङ्ग तथा सम्बन्धित तीर्थस्थलसँग जोडिएका पूजा-पाठ, जात्रा, मेला र संस्कारहरूको संरक्षण तथा प्रवर्द्धन गर्दछ। साथै, ऐतिहासिक तथा पुरातात्त्विक संरचनाको मौलिकता जोगाउँदै मर्मत र व्यवस्थापन गरिन्छ। स्थानीय समुदायको सहभागितामार्फत परम्परागत ज्ञान, कला र जीवनशैली संरक्षण भई सांस्कृतिक निरन्तरता कायम राख्न मद्दत पुग्छ।

(ङ) **क्षेत्रीय सन्तुलित विकास:** शिव सर्किट परियोजनाले विकासलाई शहरी क्षेत्रमै सीमित नराखी ग्रामीण तथा कम विकसित क्षेत्रसम्म विस्तार गर्छ। सर्किट अन्तर्गतका स्थानहरूमा सडक, पर्यटन सेवा र बजार विकास हुँदा स्थानीय जीवनस्तर सुधार हुन्छ र जिल्लाबीच आर्थिक अवसरको

सन्तुलित वितरणमा मद्दत पुग्छ। यसरी परियोजनाले समावेशी, सन्तुलित र दिगो क्षेत्रीय विकासलाई प्रोत्साहन गर्छ।

(च) **प्रदेशको पहिचान सुदृढीकरण:** शिव सर्किट परियोजनाले वागमती प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रमुख धार्मिक तथा आध्यात्मिक गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुर्‍याउँछ। पशुपतिनाथलाई केन्द्रमा राखी अन्य शिवस्थलहरूको एकीकृत विकासले नेपालको सांस्कृतिक छवि सुदृढ बनाउँदै "शिवभूमि" वा "आध्यात्मिक केन्द्र" को रूपमा नेपालको ब्रान्डिङ गर्न मद्दत पुर्‍याउँछ, जसबाट अन्तर्राष्ट्रिय पर्यटक, तीर्थयात्री तथा अनुसन्धानकर्ताहरू आकर्षित हुन्छन्। साथै, परम्परागत संस्कृति, धार्मिक आस्था र ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धनमार्फत प्रदेशको गौरव र पहिचानलाई मजबुत बनाउँछ।


८. **परियोजना सम्बन्धमा भौतिक पूर्वाधार विकास मन्त्रालयको आगामी कार्ययोजना:** वागमती प्रदेशको शिव सर्किट परियोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयले बहुआयामिक रणनीति अवलम्बन गर्ने योजना अघि सारेको छ। यसअन्तर्गत परियोजनामा समावेश ६४ शिवलिङ्गहरूको पहिचान र प्राथमिकता निर्धारण गर्दै विस्तृत आयोजना प्रतिवेदन (DPR) तथा गुरुयोजना (मास्टर प्लान) लाई क्रमशः परिस्कृत गरिनेछ। तयार भएका प्रतिवेदनका आधारमा भौतिक, सांस्कृतिक, पर्यटकीय तथा सामाजिक पूर्वाधारहरू चरणबद्ध रूपमा निर्माण गरिँदै लगिनेछ। परियोजनाका लागि आवश्यक ठूला लगानीलाई ध्यानमा राख्दै संघीय, प्रादेशिक र स्थानीय तहको सहलगानीसँगै निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न PPP मोडेललाई प्रोत्साहन गरिनेछ। साथै धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन र दिगो पर्यटन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ।


यसैगरी, "बागमती प्रदेश शिव सर्किट परियोजना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ "अनुसार आगामी आर्थिक वर्षहरूमा प्राथमिकताका साथ बजेट विनियोजन गरी निर्माण कार्यलाई निरन्तर अगाडि बढाउने लक्ष्य मन्त्रालयले राखेको छ।

## ९. चौसठ्ठी शिवलिङ्गहरुको स्थानहरुको विवरण तथा तस्विरहरू (स्रोत: पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदन)

| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| १ | कुशेश्वर (आदि लिङ्ग) | मघा नक्षत्र युक्त माघ कृष्ण चतुर्दशी | दुर्गातीर्थ | त्रिकुट पर्वत नजिक, कुलपिठक पर्वत, लीलावती र कौशिकी नदीको मिलन | अक्षांश: 27.4473858 देशान्तर: 85.8236914 उचाइ: 541.8 | सिन्धुली | नेपालथोक |  |
| २ | भीमेश्वर | मघा नक्षत्र युक्त माघ अमावश्या | देवतीर्थ | तीन योजन आदि लिङ्गबाट, ताम्रचुडा पर्वत, दुई नदीको मिलन | अक्षांश: 27.6779856 देशान्तर: 86.0764452 उचाइ: 1705.4 | दोलखा | दोलखा बजार |  |
| ३ | काफीश्वर | फाल्गुन पूर्णिमा र वैशाख शुक्ल तृतीया | आदि गंगा स्वर्ण तीर्थ | आदि गंगा स्वर्ण तीर्थ ४०० हात काकुडा पर्वतबाट, शैलावती र सुवर्णा नदीको मिलन | अक्षांश: 27.7795025 देशान्तर: 85.8943868 उचाइ: 853.5 | सिन्धुपाल्चोक | बाह्रबिसे |  |

| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| ४ | कश्यपेश्वर | माघ कृष्ण तृतीया, आइतबार कृष्ण अष्टमी सूर्य वृष राशिमा, ज्येष्ठ संक्रान्ति र अमावश्या; आषाढ कृष्ण अष्टमी; पूर्वाषाढा नक्षत्र आषाढ पूर्णिमा | काश्यप तीर्थ | काफीश्वरबाट ३ योजन पश्चिम, | अक्षांश: 27.7187255 देशान्तर: 85.6172238 उचाइ885.4 : | काभ्रे | कुन्ताबेसी |  |
| ५ | गोपेश्वर गोपदेश्वर (स्फटिकेश्वर) | माघ कृष्ण चतुर्थी; अश्विनी नक्षत्र युक्त आश्विन पूर्णिमा, माघ कृष्ण चतुर्दशी; | कान्ति तीर्थ | चन्द्रकान्ति र हिमश्रवा नदीको मिलनमा काकण्ड पर्वत | अक्षांश: 27.7816972 देशान्तर: 85.5716123 उचाइ758.3 : | सिन्धुपाल्चोक | मेलम्ची |  |

| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| ६ | चण्डेश्वर | माघ कृष्ण पञ्चमी; आश्विन शुक्ल अष्टमी, चैत्र शुक्ल नवमी | उग्र तीर्थ | एक योजन कान्ति तीर्थबाट पश्चिम, स्कन्द पर्वत नजिक रूपवती र रुद्रावतीको मिलनमा | अक्षांश: 27.6359298 देशान्तर: 85.5322103 उचाइ1490.9 : | काभ्रे | बनेपा |  |
| ७ | धनेश्वर | माघ कृष्ण षष्ठी; वैशाख कृष्ण चतुर्दशी (राधा कृष्ण चतुर्दशी); | - | | अक्षांश: 27.6181795 देशान्तर: 85.5223848 उचाइ1523.2 : | काभ्रे | पनौती |  |
| ८ | विकटेश्वर | माघ कृष्ण तृतीया; माघ कृष्ण सप्तमी | पुष्पतीर्थ/ रुद्र तीर्थ | ६००० धनु रुद्रावतीको पश्चिम किनारा, (धनेश्वरबाट २४००० हात पश्चिम द्रोनाचल पर्वतमा) | अक्षांश: 27.636411 देशान्तर: 85.4896072 उचाइ1478.2 : | काभ्रे | बनेपा |  |

| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| ९ | इन्द्रेश्वर | माघ कृष्ण अष्टमी; आर्द्रा नक्षत्र युक्त आषाढ शुक्ल पूर्णिमा; भाद्र शुक्ल पूर्णिमा; | शचि तीर्थ/ प्राची तीर्थ | रुद्रावती र लीलावतीको संगम | अक्षांश: 27.585191 देशान्तर: 85.5174786 उचाइ1443.2 : | काभ्रे | पनौती |  |
| १० | भालेश्वर | माघ कृष्ण नवमी; फाल्गुन शुक्ल सप्तमी; फाल्गुन कृष्ण अष्टमी | गन्धर्वतीर्थ | इन्द्रेश्वरबाट पश्चिममा लीलावती र सुखाश्रवा नदीको संगममा निकुञ्जाचल पर्वतमा; | अक्षांश: 27.573869 देशान्तर: 85.4912042 उचाइ1508.1 : | काभ्रे | पनौती |  |
| ११ | गुप्तेश्वर | माघ अमावश्या | सिद्ध तीर्थ | भालेश्वरबाट १/२ योजना (२ कोश) दक्षिण कुञ्जाद्री (कुञ्जशैला) पर्वत प्रभा नदी गुफामा; प्रभावती र सिद्धरसा नदीको संगममा | अक्षांश: 27.5480268 देशान्तर: 85.3993254 उचाइ2516.8 : | ललितपुर | कोञ्ज्योसोम |  |



| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| १२ | तिलेश्वर | माघ शुक्ल संक्रान्ति; माघ कृष्ण एकादशी; मकर संक्रान्ति | मनश्री: (मनहरा) तीर्थ | गुप्तेश्वरबाट ४ कोश इशान कोण मुकुन्द पर्वत मनोवती नदीमा; सरस्वती कुण्डबाट २० हात उत्तर | अक्षांश: 27.5684635 देशान्तर: 85.3409234 उचाइ1528.1 : | ललितपुर | गोदावरी |  |
| १३ | चम्पकेश्वर | माघ कृष्ण द्वादशी; वैशाख पूर्णिमा; फाल्गुन कृष्ण चतुर्दशी; प्रत्येक पूर्णिमा; | सरस्वती कुण्ड तीर्थ | रुद्र कुण्डबाट ८०० हात पश्चिम | अक्षांश: 27.5717136 देशान्तर: 85.3304524 उचाइ1512 : | ललितपुर | गोदावरी |  |
| १४ | रामेश्वर | माघ कृष्ण त्रयोदशी; फाल्गुन शुक्ल चतुर्दशी | प्रभा तीर्थ | चम्पकेश्वरबाट १२००० हात (३००० धनु) पश्चिम | अक्षांश: 27.5746061 देशान्तर: 85.3128861 उचाइ1476.4 : | ललितपुर | टीका भैरव |  |


| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| १५ | कालेश्वर | माघ कृष्ण चतुर्दशी; आर्द्रा नक्षत्र युक्त पौष शुक्ल नवमी; माघ शुक्ल चतुर्दशी; | काल तीर्थ | रामेश्वरबाट १२ कोश दक्षिण कासुण्डा पर्वतमा; वैतरनी र घरघरा नदीको संगम | अक्षांश: 27.4697244 देशान्तर: 85.3833366 उचाइ2270 : | ललितपुर | महाङ्काल |  |
| १६ | नटेश्वर/ नृत्येश्वर/ नटारम्भेश्वर | माघ कृष्ण चतुर्दशी; जेष्ठ कृष्ण अष्टमी; | ब्रह्मतीर्थ | कालेश्वरबाट १२ कोश पश्चिम त्रिकुट/ त्रिकुटाञ्चल पर्वतमा | अक्षांश: 27.4700469 देशान्तर: 85.2210644 उचाइ1831.6 : | मकवानपुर | नटारम्भेश्वर, भीमफेदी गाउँपालिका |  |
| १७ | उद्दालकेश्वर | माघ कृष्ण द्वितीया; बैशाख संक्रान्ति; | रूद्र कुण्ड | ब्रह्म तीर्थबाट ३ योजन टाढा कनखल पर्वतको धर्म गङ्गा नदीमा; व्याघ्राचल पर्वत रुद्र कुण्ड | अक्षांश: 27.5900176 देशान्तर: 85.2678455 उचाइ1404.1 : | काठमाडौं | सिम्पानी, दक्षिणकाली नगरपालिका |  |


| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित तीर्थ | हिमवत्खण्डमा उल्लेखित अवस्थिति/ स्थान | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| १८ | गोपालेश्वर | माघ शुक्ल तृतीया; भाद्र कृष्ण चतुर्दशी; जेष्ठ शुक्ल दशमी; माघ शुक्ल अष्टमी; | गोपाल व्याघ्र/ गोपाल तीर्थ / विष्णु तीर्थ/यज्ञ तीर्थ | उद्दालकेश्वरबाट उत्तर वागमती र गोपदी नदीको संगममा; गङ्गा यज्ञ | अक्षांश: 27.6089652 देशान्तर: 85.2702729 उचाइ1518.7 : | काठमाडौं | फर्पिङ, गोपालेश्वर दक्षिणकाली नगरपालिका |  |
| १९ | चम्पेश्वर | माघ शुक्ल पञ्चमी; वैशाख कृष्ण त्रयोदशी र चतुर्दशी; | ब्रह्मतीर्थ | गोपालेश्वरबाट २ योजन पश्चिम बज्र पर्वतमा चन्द्रकान्ति र रत्नकान्ति नदीको संगम | अक्षांश: 27.6572802 देशान्तर: 85.1455006 उचाइ1739.4 : | मकवानपुर | बिशिनखेल, थापागाउँ, चित्लाङ थाहा नगरपालिका |  |
| २० | उन्मत्तेश्वर | माघ शुक्ल षष्ठी; वैशाख शुक्ल पूर्णिमा; फाल्गुन शुक्ल चतुर्दशी; | स्वर्ण/ सुवर्ण प्रसव तीर्थ | चम्पेश्वरबाट पश्चिम सुवर्णकुटमा; चित्रकान्ति नदी | अक्षांश: 27.6557898 देशान्तर: 85.1168422 उचाइ1710.1 : | मकवानपुर | भेटवाल गाउँ, टिस्टुङ थाहा नगरपालिका |  |


| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| २१ | नन्दिकेश्वर | माघ शुक्ल सप्तमी; वैशाख कृष्ण अष्टमी; वैशाख पूर्णिमा; | नन्दी तीर्थ | सुवर्ण तीर्थबाट ८०० गज दक्षिण मणिमान पर्वतको मणिप्रभा नदी र रत्नकान्ति तथा सुवर्ण प्रभा नदीको संगम | अक्षांश: 27.6469181 देशान्तर: 85.1228177 उचाइ1686.4 : | मकवानपुर | सरस्वती बजार, टिस्टुङ थाह्रा नगरपालिका |  |
| २२ | गोखुरेश्वर | माघ शुक्ल अष्टमी; वैशाख शुक्ल तृतीया; | गोतीर्थ / गोखुर तीर्थ | नन्दी तीर्थबाट १ कोश टाढा; रत्नकान्ति नदी; | अक्षांश: 27.6504016 देशान्तर: 85.1121886 उचाइ1728.6 : | मकवानपुर | कार्कीछाप, टिस्टुङ थाह्रा नगरपालिका |  |
| २३ | पाण्डुकेश्वर | माघ शुक्ल नवमी; पौष कृष्ण चतुर्दशी; | ऋक्ष तीर्थ / भद्र तीर्थ | गोतीर्थबाट २ कोश टाढा; (ऋक्षवान पर्वतको) रेविका नदी र (भद्रकुट पर्वतको) रेतोवती नदीको संगम | अक्षांश: 27.6387075 देशान्तर: 85.0692811 उचाइ1793.4 : | मकवानपुर | इन्द्रायणी चौर, पालुङ थाह्रा नगरपालिका |  |
| २४ | चित्रकुटेश्वर/ कुटेश्वर | माघ शुक्ल दशमी; माघ कृष्ण अष्टमी र नवमी; माघ शुक्ल पञ्चमी | गालबतीर्थ | व्योम शृङ्ग पर्वतको दक्षिण कोणमा, गण्डवती (गण्ड पर्वत) र श्वेतकान्तिको संगम | अक्षांश: 27.6738864 देशान्तर: 85.0240286 उचाइ1508 : | मकवानपुर | महादेव खर्क, थाह्रा नगरपालिका |  |


| क्र. सं. | शिवलिङ्गको नाम | पर्व तिथि | हिमवत्खण्डमा उल्लेखित | | निर्देशांक | जिल्ला | हालको स्थान | हालको अवस्थाको तस्विर |
|---|---|---|---|---|---|---|---|---|
| | | | तीर्थ | अवस्थिति/ स्थान | | | | |
| २५ | अशितेश्वर | माघ शुक्ल नवमी र द्वादशी; कार्तिक कृष्ण अष्टमी; | अशित तीर्थ | गालव तीर्थबाट ६ कोश उत्तर; शक्रवती नदी नजिक र भानुमतीको संगम | अक्षांश: 27.7535891 देशान्तर: 85.064062 उचाइ595.5 : | धादिङ | महादेववेशी, थाक्रे गाउँपालिका |  |
